"हप्ताको एक दिन– एक घण्टा, हुँदैन कुनै कष्ट
समुदायको सहभागितामा लामखुट्टेको बासस्थान तथा लार्भा नष्ट"

# लामखुट्टेको बासस्थान खोजौं तथा नष्ट गरौँ
# डेंगीको जोखिमबाट बचौं

## "खोज तथा नष्ट" भनेको के हो?

खोज तथा नष्ट विधि भनेको लामखुट्टेको प्रजनन र वृद्धि हुने स्थान वा वस्तुहरू पहिचान गरी नष्ट गर्ने प्रक्रिया हो।

यसले लामखुट्टेको जीवनचक्रको मूल श्रोत नष्ट गरी डेंगी फैलिनुअघि नै रोकथाम गर्न मद्दत गर्छ।

यो विधि सजिलो, सुरक्षित, लागत-प्रभावी र अन्तर्राष्ट्रिय रूपमा सिफारिस गरिएको प्रमुख रणनीति हो।

डेंगी नियन्त्रणका अन्य जुनसुकै उपायहरू प्रयोग गरिए पनि, खोज तथा नष्ट विधि अनिवार्य रूपमा नियमित र निरन्तर अपनाउनैपर्छ।

## कहिले गर्ने?

- ✓ नियमित गर्ने
- ✓ कम्तिमा प्रत्येक हप्ताको एक पटक

## कसले गर्ने?

- ✓ प्रत्येक **घरका सदस्यहरुले** आफ्नो घर तथा टोलमा
- ✓ सम्बन्धित **कार्यालय/ उद्योग/ व्यवसाय संचालक तथा कर्माचारीले** आफ्नो कार्यस्थलमा
- ✓ **टोलबासीहरू**, स्थानीय तहका जनप्रतिनिधिहरू, अगुवा, नगर प्रहरी, टोल विकास संस्था, सरकारी/ सहकारी संस्थाका प्रतिनिधिहरु, सेना/ प्रहरीहरु, स्थानीय क्लब सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू र स्वयंसेवकहरूले आफ्नो टोल वा समुदायमा
- ✓ **शिक्षक तथा विद्यार्थीले** आ-आफ्नो विद्यालयमा







## डेंगी सार्ने लामखुट्टेले प्रजनन र वृद्धिविकास गर्ने प्रमुख स्थानहरू

### पानी भण्डारण/संकलन गर्ने भाँडा वा सामग्रीहरू

- ✓ खुला छोडिएका वा बिर्को/ढक्कन नलगाइएका ओभरहेड तथा अन्डरग्राउण्ड पानी ट्यांकीहरू
- ✓ पानी राख्ने ड्रम, गाग्री, वा ब्यारेल (खुला वा राम्रोसँग नछोपिएका)
- ✓ घर वा स्वागतद्वारमा सजावटका रूपमा राखिने पानी भरिएका घडा/गाग्री

### घरभित्रका स्थलहरू

- ✓ सजावटी इनडोर बोटबिरुवाको फूलदानी तथा ट्रे
- ✓ कूलरको पानी संकलन हुने ट्रे
- ✓ फ्रिजको पछाडि जम्ने पानीको ट्रे
- ✓ घरपालुवा जनावरका लागि राखिने पानीका भाँडाहरू
- ✓ शौचालयको ब्रश राख्ने स्ट्यान्ड
- ✓ पूजा प्रयोजनमा प्रयोग गरिने भाँडाहरू
- ✓ चुहिने वा फुटेका घरभित्रका पानीका पाइपहरू

### घर वरपरका पानी जम्ने स्थानहरू

- ✓ आकाशे पानी जम्ने घरको छत वा अन्य गहिरा भाग
- ✓ अवरुद्ध नाली वा ड्रेनेज प्रणाली
- ✓ छानाबाट पानी बग्ने गटर
- ✓ छानामा राखिएका त्रिपाल
- ✓ घर वरपर बनाइएका पानीका फाउन्टेनहरू

### प्राकृतिक स्थलहरू

- ✓ केरा, सुपारी जस्ता बोटका पातको काप
- ✓ रूखको खोच, टोड्को वा गहिरो भागमा जमेको पानी
- ✓ फालिएका नरिवलका खोल, फुटेका अण्डाका बोक्रा, खर्बुजाको बोक्रा आदि जस्ता वस्तुहरूमा संकलन भएको पानी

### व्यावसायिक स्थलहरू

- ✓ अटोमोबाइल वर्कशप तथा ग्यारेजमा राखिएका टायरहरू
- ✓ शहरी क्षेत्रमा रहेका कबाडीखाना
- ✓ निर्माणाधीन भवन तथा संरचनाहरू
- ✓ पार्क तथा मनोरञ्जन स्थलहरू
- ✓ पानी जम्न सक्ने ठाउँ भएका जुनसुकै कार्यस्थलहरू

# "खोज तथा नष्ट" कसरी गर्ने ?

दैनिक प्रयोजनको लागि पानी जम्मा गरि राखिएका **पानीको ट्यांकी, ड्रम, गाग्री, वा ब्यारेल** लाई लामखुट्टे छिर्न नपाउने गरी राम्रो संग **छोपेर राख्नुपर्छ**।








फूलको **गमला वा गमला मुनि राखिएको प्लेट**मा जमेको पानी कम्तिमा हप्ताको एक पटक फालेर प्लेट पनि माझ्नुपर्दछ।

घर भित्र सजावटका लागि प्रयोग गरिने बिरुवा/फूलहरुमा राखिने पानीलाइ पनि कम्तिमा हप्ताको एक पटक फेर्नुपर्छ र फूलदानीलाइ सफा गरेर मात्र नयाँ पानी राख्नुपर्दछ।

जथाभावी फालिएका काम नलाग्ने टायरहरूमा पानी जम्न नदिन, तिनीहरूलाई छोपेर वा वर्षाको पानीको पहुँचबाट टाढा राख्नुपर्छ।

घरको छानामा राखिएका टायरहरूमा पनि पानी नजम्ने गरी उचित व्यवस्थापन गर्न आवश्यक छ।

यदि टायरहरू छोप्न सम्भव छैन भने, तिनीहरूको भित्री भागमा माटो वा बालुवा भरेर पानी जम्नबाट रोक्न सकिन्छ।






वर्षामा पानी जम्न सक्ने बाहिर फालिएका वस्तुहरू (जस्तैः बोतल, टिन, प्लास्टिकका सामग्री, पुराना टायर, कन्टेनर, नरिवलका खोल, शौचालयका प्यान, आदि) वरपरको क्षेत्रबाट हटाउनुपर्छ।

यी वस्तुहरू आवश्यकताअनुसार उपयुक्त तरिकाले विसर्जन गर्नुपर्छ, छोप्नुपर्छ वा पुनः प्रशोधन (रिसाइकल) का लागि दिनुपर्छ।

पानी जम्मा भएको भाँडाकुँडाहरुमा लामखुट्टेका लार्भा-प्युपा देखिएमा, उक्त पानी फ्यांकेर लार्भा/प्युपा नष्ट गर्नुका साथै भाँडाकुँडाहरुलाई राम्रो संग माझेर घोप्टयाएर राख्नु पर्दछ।








छत तथा छानाको गटरमा थुनिएको वा जमेको पानी हटाई, अवरुद्ध भागहरू सफा गरी पानी सहज रूपमा बग्न वा बाहिर निस्कन सक्ने व्यवस्था गर्नुपर्छ